# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु हाकिम अन्सारी, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

- **प्रतिवादी हकिम अन्सारीले** राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज प्रतिवादी उपर घुस रिसवतबापत **दिएको** रकम रू.३,९०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रू.३,१४,११०।- समेत गरी रू.७,०४,११०।- (सात लाख चार हजार एक सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको विगो ऐ. ऐनको दफा १७ बमोजिम असूलउपर हुन;
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज उपर दस्तुरको बहानामा घुस/रिसवतबापत **लिएको** रकम रू.३,९०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रू.३,१४,११०।- समेत गरी रू.७,०४,११०।- (सात लाख चार हजार एक सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.३,९०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू.३,१४,११०।-(चार लाख चौध हजार एक सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूलउपर हुन; र
- **प्रतिवादी महेश प्रसाद यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा **मतियार** भई कसुर गरेको पुष्टि हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रू.३,१४,०००।- (तीन लाख चौध हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त आरोपमा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी हकिम अन्सारीले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य इन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य

उल्लेख भएकोले अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी हकिम अन्सारीले दिएको भनी लेखाएको रु.१५,०००।- मात्र रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।

- प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादव कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी भई मतियारको भूमिका निर्वाह गरेको भन्ने आरोप रहेकोमा विद्यालयसँग सम्बन्धित भएको देखिंदैन। प्रतिवादी हकीम अन्सारी स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) प्रतिवादी हकिम अन्सारीले अनुसन्धान अधिकारी समक्षको बयानमा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.३,९०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी बयानमा खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिई दस्तुरको बहानामा शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूको आधारमा जनसेवा प्रा.वि, जगरनाथपुर, सिराह, पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी हकिम अन्सारीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र हकिम अन्सारीले घुस/रिसवत लिएको/दिएको रकम रु.२,००,०००।-(दुई लाख) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजैश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी नागेन्द्र प्रसादले दिएको भनी लेखाएको रु.१५,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी गरेको फैसला त्रुटीपुर्ण रहेको।

ख) मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफूलाई सहयोग गर्ने व्यक्ति भनी खुलाईदिए अनुसार निज प्रतिवादी महेश प्रसाद यादवले विभिन्न व्यक्तिहरूलिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुऱ्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले प्रतिवादी महेश प्रसाद यादवले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको मुल्याङ्कन नै नगरी प्रतिवादी महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**<u>देहायः</u>**

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. राजेश्वर प्रसाद चौरसिया, हकिम अन्सारी र महेश प्रसाद यादव** (वि.अ. को मु.नं. **०७६-CR-००८५**), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ति गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा(०७६-ग□-००८५) मा** | प्रतिवादी हकिम अन्सारीले राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज हकिम अन्सारीउपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.३,९०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रू.३,१४,११०।- समेत गरी रू.७,०४,११०।- (सात लाख चार हजार एक सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.३,९०,०००।-ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको विगो रू.३,१४,११०।— ऐ. ऐनको दफा १७ बमोजिम असूलउपर हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले | **फैसलाः**<br>**प्रतिवादीहरु हकिम अन्सारी र राजेश्वर प्रसाद चौरासियाको** मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी हकिम अन्सारीले शिक्षकको रुपमा तलब भत्ता वापत रु.३,१४,११०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पु-याएको तथा उक्त कार्य वापत प्रतिवादी हकिम अन्सारी दिने र राजेश्वर प्रसाद चौरासिया लिने भई रिसवत वापत रु.१५,०००/- लेनदेन गरेको समेत देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम प्रतिवादीहरुबाट जनही बिगो रु.१,५७,०५५/- असुल गरी सोही ऐनको दफा १७ र दफा ३ को उपदफा (१) बमोजिम रिसवत समेतको बिगो बमोजिम जरीवाना जनही रु.१,६४,५५५/- तथा खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने समेत ठहर्छ। अर्का **प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवले** मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकोले निजका हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** शिक्षक हकिम अन्सारीको नियुक्ति अभिलेख कायम एवं दरवन्दि सहित श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा सरुवा गरिएको भनिएको जि.शि.का. पर्साको च.नं. १८६९ मिति २०७३।११।२९ को पत्रमा प्रयोग भएको सही दस्तखत मेरो होइन । कार्यालयको छाप र मेरो दस्तखत समेत कोही कसैले किर्ते गरेको हो भनी दस्तखत गर्ने भनिएका जिल्ला शिक्षा अधिकारीले बयान गरेको समेत पाईन्छ । उल्लिखित तथ्यहरु देखिन आएकोमा निजले अनुसन्धान समक्ष वा यस अदालत समक्ष समेत ती तथ्यहरुको खण्डन गर्न सकेको पाईंदैन । वरु म निजी स्रोतमा काम गरिरहेको व्याक्तिलाई विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले राहत कोटामा नियुक्ती दिइ काम गर्नुस भनेकोले मैले गरेको हो र सो वापतको तलब भत्ताको रकम बुझेको हो भनी लेखाएको पाईन्छ । यसबाट उल्लिखित नियुक्ति एवं अभिलेख राखिएको र सरुवा गरिएको पत्र समेत नक्कली भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आयो।<br>**ख.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र | क. प्रतिवादी हकिम अन्सारीले अनुसन्धान अधिकारी समक्षको बयानमा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय, पर्साको अभिलेख कायम गरी दरवन्दीसहित श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.३,९०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी बयानमा खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिई दस्तुरको बहानामा रू.३,९०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूले श्री जनसेवा प्रा.वि., जगरनाथपुर, सिरा, पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी हकिम अन्सारीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र हकिम अन्सारीले घुस/रिसवत लिएको/दिएको रकम रु.२,००,०००।-(दुई लाख) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजैश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी नागेन्द्र प्रसादले दिएको भनी लेखाएको रु.१५,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसवत बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेकै अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई नै लिएको देखिएकोमा स्वयम् प्रतिवादी हकिम अन्सारीले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. ३,९०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र १५,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र हकिम अन्सारीको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. ३,९०,०००।— लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br><br>ख. प्रतिवादी हकिम अन्सारीले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. ३,९०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु हकिम अन्सारी र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. ३,९०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु हकिम अन्सारी र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु हकिम अन्सारी र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी समक्ष गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसियाउपर दस्तुरको बहानामा घुस/रिसवतबापत लिएको रकम रू.३,९०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रू.३,१४,११०।- समेत गरी रू.७,०४,११०।- (सात लाख चार हजार एक सय दश) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.३,९०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रू.३,१४,११०।—(चार लाख चौध हजार एक सय दश) ऐ. ऐनको दफा १७ बमोजिम असूलउपर हुन माग दावी लिईएको, प्रतिवादी महेश प्रसाद यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन | हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरवन्दी र अभिलेखको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी हकिम अन्सारीलाई श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा शिक्षक पदमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु हकीम अन्सारी र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो ।<br>**ग.** प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ। राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेखे अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी हकिम अन्सारीले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य इन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR- ००८६, ०७६-CR-००८९, ०७६-CR- ००९२, ०७६-CR-०१०३, ०७६ CR ०१०४, ०७६-CR-०१०६, ०७६- CR.०१०७ लगायत मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी हकिम अन्सारीले दिएको भनी लेखाएको रु.१५,०००। लाई नै रिसक्तको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>**घ.** अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादव का हकमा विचार गर्दा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा बिर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ । निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत | बयानमा गर्दा हकिम अन्सारी लगायतका व्यक्ति र कागजातहरू समेत लिइ आउने र आफूलाई सहयोग गरे बापत रकम उपलब्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढ्वा विर्ता, पर्साका भु.पु. प्रधानाध्यापक महेश यादव हुन् भनी खुलाई दिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफूलाई सहयोग गर्ने व्यक्ति भनी खुलाईदिए अनुसार निज प्रतिवादी महेश प्रसाद यादवले विभिन्न व्यक्तिहरूलिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुऱ्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादी महेश प्रसाद यादवले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादी महेश प्रसाद यादवलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रू.३,१४,०००।- (तीन लाख चौध हजार) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिईएको | तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्र राजेश्वर प्रसाद चौरसियाको सहयोगी भई मतियारको भूमिका निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसँग उठाईएको दुवै विद्यालयसँग निज सम्बन्धित भएको देखिंदैन । प्रतिवादी हकीम अन्सारी स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन। निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउंदैन । तसर्थ आफ्ना हकमा इन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन । | |